यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५



राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक २५ ○श्रेणी 'क' ○२०७३ कार्तिक ४ गते बिहीबार ○ 20 Oct. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-



वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५


## बैदाम प्रहरीको कार्यालय 'स्मार्ट अफिस'


गोल्डेन न्यूज संवाददाता
पोखरा ३ कार्तिक ।


पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाईडमा रहेको वडा प्रहरी कार्यालय बैदामलाई 'स्मार्ट अफिस' को रुपमा स्थापित गर्ने तयारी गरिएको छ । नेपालको पर्यटकीय राजधानी पोखरा र मूख्य पर्यटकीय क्षेत्र लेकसाईडमा रहेको प्रहरी कार्यालयलाई प्रबिधिको प्रयोगले स्मार्ट कार्यालय बनाउने प्रयास गरिएको हो । 'अहिले हरेक क्षेत्रमा प्रबिधिको प्रयोग बढेको छ ', प्रहरी निरीक्षक मोहनमणि अधिकारीले भने -'प्रहरीको शारीरिक उपस्थितिले मात्रै अपराध नियन्त्रण हुन सक्दैन त्यसैले प्रविधियुक्त हुनुपर्छ।' सबैभन्दा पहिले प्रहरी कार्यालयलाई नै प्रबिधियुक्त बनाउनुपर्ने भएकाले सोहि अनुसारको काम भैरहेको उनले बताए । आफ्नो कार्यकालमा वडा प्रहरी कार्यालय बैदामलाई स्मार्ट अफिसको रुपमा नमूना प्रहरी कार्यालय बनाउने उनको अठोट छ ।




उनका अनुसार वडा प्रहरी कार्यालय बैदाममा अहिले थुनुवाको अभिलेख राख्ने कामलाई प्रविधिमैत्री बनाएर कम्प्युटरमा अभिलेख राख्ने गरिएको छ । 'थुनुवाको कम्प्युटर अभिलेख, अफिस भित्रका सबै कम्प्युटरलाई आन्तरिक नेटवर्किङ, आन्तरिक टेलिफोन लाईन जडान लगायत बैकल्पिक उर्जाका लागि सोलार जडान गरिएको छ'-उनले भने । वडा प्रहरी कार्यालय बैदाममा अहिले पाँच वटा कम्प्युटर छन् । सबै कम्प्युटर एउटै नेटवर्कमा बाँधिएका छन् । लोडसेडिङका बेला हुने विद्युत अभावका लागि सोलार प्यानल जडान गरिएको छ । थुनुवाको कम्प्युटर अभिलेखको लागि छुट्टै सफ्टवेयर जडान गरिएको छ । थुनुवाको कम्प्युटर अभिलेख राख्दा पटके थुनामा पर्ने, फरार अभियुक्त समातिएको लगायतका पुराना रेकर्ड समेत तत्काल हेर्न सकिने प्रहरी निरीक्षक अधिकारीले बताए। थुनुवाको कम्प्युटर अभिलेखका लागि गोरेटो सफ्टवेयरका अनिल गुरुङ र निसाल गुरुङले सहयोग गरेको अधिकारीले बताए । नेपाल प्रहरीले केहि समय अघि ल्याएको प्रहरी मेरो साथी अवधारणबाट प्ररित भई उनीहरुले नि:शुल्क सहयोग गरेका हुन् ।

'यो सफ्टवेयरबाट कुन ब्यक्ति, कहाँबाट कहिले पक्राउ परेको हो र यसअघि उसको प्रहरी रेकर्ड छ कि छैन भन्ने पनि तत्काल थाहा हुन्छ'-अधिकारीले भने । त्यस्तै २४ सै घण्टा ब्याकअप सिस्टमका लागि सोलार जडान गरिएको अधिकारीले जानकारी दिए । कार्यालयलाई ब्यवस्थापनको काम अन्तर्गत ड्युटी अफिसरलाई सिधै नागरिकले भेट्न पाउने उनले बताए । त्यसका लागि ड्युटी अफिसरको रुमलाई कार्यालयको गेटसँगै रहेको भवनमा सारिएको छ । जहाँ जो कुनैले पनि सिधै ड्युटी अफिसरसँग भेट गर्न पाउने पिस पोखरा अनलाइनले उल्लेख गरेको छ ।

त्यस्तै लेकसाईडमा जडान गरेर बिग्रिएका सबै सिसी क्यामेरा निकालेर नयाँ जडान गरिएको अधिकारीले बताए । लेकसाईडका स्थानीयवासी र नेपाल प्रहरीको सक्रियतामा १९ लाख रुपैयाँ खर्चिएर जडान गरिएको १४ वटा सिसी क्यामेरा बिग्रिएको झण्डै एक बर्षपछि नयाँ जडान गरिएको हो ।

अहिले लेकसाईडमा ११ वटा सिसी क्यामेरा सञ्चालनमा छन् । नयाँ जडान गरिएको क्यामेरा उच्च प्रबिधियुक्त रहेको प्रहरी निरीक्षक अधिकारीले बताए । पर्यटन वोर्ड, पर्यटन परिषद्, पर्यटन ब्यवसायीहरुको सहयोगमा नयाँ सिसी क्यामेरा जडान गरिएको हो ।

पर्यटकीय क्षेत्रमा खटिने प्रहरीलाई अन्तर्राष्ट्रिय भाषाको पनि ज्ञान हुनुपर्ने भएकाले प्रहरी कर्मचारीलाई अंग्रेजी भाषा तालिमको ब्यवस्था गर्न लागिएको समेत उनले बताए । त्यस्तै सिसि क्यामेरालाई लेकसाईडका अन्य स्थानमा पनि विस्तार गर्ने योजना रहेको उनले सुनाए ।

## चिप्लेढुङ्गामा जडित सोलार पड्किन थाले


गोल्डेन न्यूज संवाददाता
पोखरा ३ कार्तिक ।


दशैं फूलपातीको दिन दिउसो एक बजे पोखराको चिप्लेढुङ्गा चोक नजिकै एक्कासी ठूलो आवाज आयो । आगो दनदनी बल्न थाल्यो । उछिट्टिएका आगोका झिल्काले सडकमा गाडी गुडाउने देखि आसपासका पसलेहरु पनि तर्सिए । फुटपाथमा बेच्न राखिएका केहि सामानमा क्षति पुग्यो । ऋषिराम इलेक्ट्रोनिक्स सेन्टरको केहि सामानमा समेत क्षति पुग्यो । तत्काल अग्नी नियन्त्रक ल्याएर आगो निभाइयो । वरपर जम्मा भएका मानिसहरु भुईमा निभिसकेका आगोका झिल्काहरु हेरेपछि आकाश तिर फर्किए । सबैको आखा भर्खरै जडान गरिएको सोलार प्यानलतर्फ थियो ।



वैकल्पिक उर्जाको लागि सडक बत्तीको रुपमा जडान गरिएको सेलार प्यानल जडान गरिएको भोलिपल्टै पड्किएको हो । सोलार प्यानलसँगै विद्युतको मुख्य लाईन पनि थियो । 'धन्न अर्को विजुलीको तारमा आगोले भेटेन, नत्र ठूलो क्षति हुने थियो'-स्थानीय एक ब्यवसायीले भने । कतिपयले सोलारको गुणस्तरीयतामा प्रश्न उठाउँदै थिए । चिप्लेढुङ्गा चोकदेखि सिद्धार्थचोकसम्मको क्षेत्रमा १५ वटा सोलार प्यानल जडान गर्ने योजना अनुसार सौर्य सडक बत्ती जडान गरिएको थियो । तर जडान गरिएको भोलिपल्टै पड्किएपछि यसको गुणस्तरीयतामा प्रश्न उठेको छ । गुणस्तरहित सोलार जडान गरिएको भन्दै स्थानीय रुष्ट छन् ।

स्थानीय उपभोक्तको २५ प्रतिशत, नगरपालिकाको १० र ६५ प्रतिशत सरकारी अनुदानमा सोलार प्यानल जडान गरिएको हो । सो क्षेत्रमा १५ मध्ये ९ वटा जडान गर्न अझै बाँकी छ । जडान नहुदै पड्किएको बारे पोखरा उपमहानगरपालिकाका इन्जिनियर ध्रुब भट्टराईले भने ' पहिल्यै समस्या देखिएको थियो, तैपनि काम गर्छ कि भनेर जडान गरेको पड्किएछ' सो प्यानलमा जडान पूर्व नै चार्च कन्ट्रोलरमा समस्या देखिएको उनले स्वीकारे ।

भट्टराईका अनुसार पोखराका विभिन्न २१ स्थानमा ३७३ वटा नयाँ सोलार जडानको काम भैरहेको छ । ड्यामसाईड, पहारी मार्ग, लालुपाते मार्ग, छोरेपाटन, ढिकालेथर, उत्तमटोल, अन्नपूर्णटोल, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल लगायतका क्षेत्रमा नयाँ पोल जडानको काम भैरहेको उनले बताए । उपभोक्ता, नगरपालिका र सरकारी अनुदान गरी कुल ५ करोड २० लाख लागतमा जडान गर्न लागिएको सौर्य बत्ती कात्तिक मसान्त भित्र संचालनमा ल्याउने लक्ष्य छ । त्यस्तै न्यूरोडका सौर्यबत्ती मर्मतको काम भैरहेको पनि भट्टराईले बताए । 'न्यूरोडका सौर्यबत्ती मर्मतको लागि ब्याट्री फेर्ने काम भैरहेको छ', उनले भने- 'तिहार अघिनै सञ्चालनमा आउनेछन् ।' न्यूरोडमा मात्रै एक सय सौर्य बत्ती छन् ।

## पोखरामा फस्टाउँदै अटो व्यवसाय


गोल्डेन न्यूज संवाददाता
पोखरा ३ कार्तिक ।


पोखरामा अटो व्यवसाय फस्टाउँदै आएको छ । पोखराको नयाँबजार र बुद्धचोक क्षेत्रमा रहेका अटो व्यवसायहरुले यस बर्ष गत बर्षको तुलनामा करिब दोब्बरले बढी अटो व्यवसायको कारोबार गर्न सफल भएका छन । गत बर्ष भूकम्प र नाकावन्दीले प्रभावित हुन पुगेको अटो व्यवसाय यस बर्ष भने निकै फस्टाउँदै आएको नेपाल डिलर्स एशोसिएशन (नाडा) का केन्द्रीय उपाध्यक्ष धुव्र बहादुर थापाले बताए । गत बर्षको तुलनामा यस बर्ष नेपालमै अटो व्यवसाय हालसम्म करीब ४० देखि ५० प्रतिशतले बढी कारोवार भएको थापाले दाबी गरे । गो फोर्डका संचालक समेत रहेका थापाले कार चढ्ने व्यक्तिहरुको पछिल्लो क्रममा विलासिताको लागि मात्र नभई आवश्यकताको लागि र शहरीकरणले गर्दा यसको माग बढेको दाबी गरे । उनले भने- 'पछिल्लो क्रममा बैंक तथा विक्रीय संस्थाहरुले समेत न्युन व्याजदरमा ९० प्रतिशतसम्म लगानी गर्ने गरेकोले पनि राम्रो आम्दानी हुनेहरुले कार चढ्न लागेका छन ।'




फोर्डका गाडीहरु भारतमा बढी लोकप्रिय हुँदै सन २०१५-२०१६ मा उत्कृष्ट कार भएकोले पनि पोखरामा यसको माग अनुसार आफूहरुले दिन नसकेको उनले बताए । विक्री पछिको सेवा सहित पार्टस सर्वसुलभ भएकोले र नेपालको वातावरण सुहाउँदो गाडी भारतमा उत्पादन भएकोले गर्दा यसको माग दिनानु दिन बढ्दै गएको उनले बताए । पोखरामा अटो व्यवसाय बढ्दै जाँदा सडक अबस्थामा समयमै ध्यान दिन नसके काठमाडौंको जस्तो ट्राफिक जाम हुने उनले जनाए ।

पश्चिमाञ्चल अटो मोवाईल डिलर्स एशोसिएशनका संस्थापक अध्यक्ष एवं दिप लक्ष्मी ब्राईट ईन्टरनेश्नल प्रालिका प्रवन्ध निर्देशक राजेन्द्र वाटाजुले भारतको चर्चित ब्राण्ड टाटाका गाडीहरु धेरैको मन जित्न सफल भएको बताए। उनका अनुसार गत बर्ष प्रा.लि.ले एक हजार २ सय वटा टाटाका विभिन्न कारहरु विक्री गरेको थियो भने यसबर्षको ६ महिनामा एक हजार २५ वटा कारविक्री गरेको छ । दशैं पर्वको अवसरमा धेरै कार विक्री भएको उनले जनाए । १८ लाख देखि ६१ लाख मूल्य बराबरका कारहरु आफ्नो शो रुमबाट विक्री भएको बताएका वाटाजुले टिया गो गाडी फूलअफ्सनमा भएकोले बढी मन पराएको वाटाजुले बताए ।

ड्याडसन शोरुमको गण्डकी धौलागिरीएको आधिकारीक विक्रेता थ्रि एस.ट्रेड हाउसका संचालक मध्यका एक गोपाल बरालले गत बर्ष भन्दा यस बर्षको दशैं पर्वको अवसरमा अत्याधिक रुपमा कारको विक्री भएको बताए । सस्तो १३ लाख ९९ हजार रुपैयाँ देखि १८ लाख ५० हजार रुपैयाँसम्मका कारहरु आफ्नो शोरुममा भएकोले यसको माग बढी रहेको बरालले बताए । गत बर्ष करीब ४५ वटा कार विक्री गरेको थ्रि एस.ट्रेडले यस बर्षको दशैंको अवधिसम्म गत बर्षको भन्दा दोब्बरले बढी कार विक्री गर्न सफल भएको छ ।

एल.आई.मोटर्सका सेल्स अपिसर किशोर पौडेलले गत बर्षको तुलनामा यस बर्ष कारको विक्री धेरै राम्रो भएको बताए । १८ लाख ९६ हजार देखि एक करोड २२ लाख ९६ हजार रुपैयाँ बराबरका कारहरु शोरुममा भएको बताएका उनले गत बर्ष ३ सयको हाराहारीमा विक्री भएको जनाए ।

यस बर्ष दशैंको अवसरमा सहित गरेर ५ सय वटा कार विक्री भएको उनले जनाए । जग्गाको कारोवारले गर्दा पनि पोखरा, लेखनाथ, स्याङ्जा, वालिङ, बागलुङ, दमौली लगायतका क्षेत्रमा कार चढ्नेहरुको सङख्यामा बृद्धि भएको उनको धारणा छ । वतास ब्रदर्शको महेन्द्रा शोरुम पोखरा बुद्धचोकको सेल्स एक्जुकेटिभ विमल भण्डारीले टि.यु.भि स्करपियो, वलेरो जिप लगायतका गाडीहरु माग अनुसार आफूहरुले ग्राहकले भनेको समयमा पुऱ्याउन नसकेको बताए । पछिल्लो क्रममा कारहरुको माग बढी भएकोले सोरुममा प्रदर्शन गर्न नपाउँदै ल्याउन साथ विक्री हुने गरेको छ । निसान, किया लगायतका कारहरु समेत पोखरामा यस बर्षको दशैंको अवसरमा धेरै विक्री भएको बताईन्छ ।

विलासिताको रुपमा लिईने गरेको सवारी साधन कारलाई पछिल्लो क्रममा आवश्यकताका लागि बढी प्रयोग हुन थालेसंगै यहाँको आर्थिक विकासमा सुधार आएकोले कार चढनेहरुको संख्यामा बृद्धि भएको हो । कारमा यात्रा गर्दा सानो सवारी साधन मोटरसाईकल स्कुटर भन्दा बढी सुरक्षित हुने भएकोले गर्दा पनि कार चढ्नेहरुको सङख्यामा बृद्धि भएको व्यवसायीहरु बताउछन । पोखरा क्षेत्रमा १३ लाख ९९ हजार देखि एक करोड २९ लाख रुपैयाँ बराबरका कारहरु उपलब्ध छन । पोखरा क्षेत्रमा कार विक्री गर्ने आधा दर्जन भन्दा बढी शोरुमहरु पोखरामा रहेका छन्।

## पोखरेली गजलप्रेमीको मन जिते राणाले


गोल्डेन न्यूज संवाददाता
पोखरा ३ कार्तिक ।


वरिष्ठ गजलकार डा. कृष्ण जंग राणाको एकल गजल वाचन कार्यक्रम बुधबार पोखरामा सम्पन्न भयो । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकी अञ्चल समितिले आयोजना गरेको कार्यक्रममा उनले आफ्नो उमेरलाई समेत ख्याल नगरि फूर्तिलो पारामा २ हिन्दी, ४ नेपाली भाषाका गजल गीति शैलीमा प्रस्तुत गर्दा पोखरेली गजल प्रेमीहरुले निकै चासोपूर्वक सुनेका थिए । जिन्दगी नै कहानी हो बाट शुरु गरेर हिन्दी भाषाको २ गजल सहित अन्य ३ नेपाली गजल मान्छेले मान्छेलाई...., हाम्रो मनमा माया फूले..., आयु होइन जीवन देउ भन्ने गजल प्रस्तुत गरेका थिए । उनी आफ्नो गजलमा स्रोताले चित्त दुखाउँछन् कि भनेर निकै चनाखो भएका थिए । यस क्रममा उनले कस्तो कजल मन पर्छ ? हिन्दी गजल ठीक हुन्छ कि हुँदैन ? उमेरले साथ दिएन, कति सुनाउनुपर्छ ? भनेर बीच-बीचमा सोधेका थिए ।



अन्य गजल वाचनमा करिब २ दर्जन गजल सुन्ने स्रोता राणाको ६ वटा गजलमै खुशी भए, किनकी राणाको गजल गायनमा उमेर र स्वास्थ्य अवस्थाले धेरै साथ दिंदैन भन्ने राम्रैसंग स्रोताले बुझेका थिए । यस्तै राणाले समय तालिकालाई समेत राम्रैसंग ख्याल गरेका थिए । उक्त अवसरमा उनले कार्यक्रमको आफ्नो समय तालिका १ बजेदेखि ५ बजेसम्म भएको बताएका थिए । उनको समय तालिकालाई केही पोखरेली साहित्यकारहरुले प्रशंसा समेत गरेका थिए । डा. राणाले २ वटा उठेर र ४ वटा गजल बसेर


बाँकी २ पृष्ठमा......


## फूल बेचेरै मनग्य आम्दानी


गोल्डेन न्यूज संवाददाता
पोखरा ३ कार्तिक ।


पोखरा उपमहानगरपालिका-१७ बिरौटाकी मन्जिता भण्डारीले भाडामा लिएको ६ रोपनी जग्गामा लगाएको फूलखेतीबाट मनग्य आम्दानी गर्दैआएकी छन् । असोज महिनाको दोस्रो सातायता उनले फूल बिक्रीबाट ५० हजार रुपैयाँ आम्दानी गरेकी छन् । सात लाख कमाउने भण्डारीको लक्ष्य छ । फूलखेती गर्न उनले दुई लाख ५० हजार रुपैयाँ खर्च गरेकी छन् । तिहारलाई लक्षित गरी लगाइएका ४४५ कोलकतिया र ४४० मेरिगोल्ड जातका फूल बारीबाटै प्रतिथुङ्गा पाँच रुपैयाँका दरले बिक्री गर्ने गरेको भण्डारीको भनाइ छ ।



यस्तै बाराही नर्सरीका सञ्चालक भण्डारीले विगत तीन वर्षदेखि फूल व्यवसायमा संलग्न छन्। पोखरामा फूलको माग अत्यधिक भए पनि बीउ, बेर्ना, मल र कामदारको अभाव छ । 'फूलको आयात रोक्नुपर्छ'-उनले भने । कोलकतिया जातका फूलका बिरुवा हेटौंडाबाट ल्याइएको हो ।

पोखरा र यसआसपासको क्षेत्रमा करिब २० करोड रुपैयाँ बराबरको फूल उत्पादन भए पनि यसले बजारको माग ७५ प्रतिशतमात्र पूरा गर्न सकेको फ्लोरिकल्चर एसोसिएसन कास्कीका अध्यक्ष दयाकुमार द्वाले जानकारी दिए ।

## मनाङ आन्तरिक पर्यटक गन्तव्य


गोल्डेन न्यूज संवाददाता
पोखरा २ कार्तिक ।


हिमालपारीको जिल्ला मनाङ आन्तरिक पर्यटकको गन्तव्य बन्दै गएको छ । जिल्लामा मोटरबाटो बनेपछि आन्तरिक पर्यटक सवारी साधनबाट आउने क्रम बढेको हो । बिदा मनाउन र घुमघाम गर्नका लागि युवायुवती मोटरसाइकल तथा अन्य सार्वजनिक सवारीसाधन चडेर मनाङसम्म आउने आन्तरिक पर्यटक बढिरहेको मनाङ पर्यटन व्यवसायी समितिका अध्यक्ष विनोद गुरुङले बताए । 'मनाङमा अहिले दैनिक काठमाडौं, पोखरा, बुटवल, चितवन, पाल्पालगायतका स्थानबाट आन्तरिक पर्यटक आउने गरेका छन्' गुरुङले भने-'सवारी सञ्चालनमा आएपछि लमजुङबाट पनि मनाङ घुम्न जानेको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ ।'

माथिल्लो मनाङसम्म मोटरसाइकलमा पुग्न सकिने भएपछि गन्तव्य मनाङ बनाएर अधिकांश आन्तरिक पर्यटक आएको गुरुङले बताए । पछिल्लो समय मनाङमा पुगेका पर्यटक सजिलै तिलिचो तालसम्म पुग्ने गरेका छन् । 'धेरैजसो आन्तरिक पर्यटक तिलिचो जानका लागि आएका छन्, केही चाँहि थोरङला पनि गएका छन्'- गुरुङले भने । सडक सञ्जालले मनाङमा पर्यटकको आगमन घट्ने अनुमान गरिए पनि पछिल्लो समय आन्तरिक पर्यटक आगमनमा उल्लेख्य वृद्धि भएको छ । दैनिकजसो विदेशी तथा आन्तरिक पर्यटकको आगमन बढ्न थालेपछि मनाङका पर्यटन व्यवसायी उत्साहित भएका छन् ।

'सडक बनेपछि पैदलयात्री आउँदैनन् कि भन्ने धेरैको अनुमान थियो',गुरुङले भने-'तर अहिले आन्तरिक पर्यटकको ओइरो लागेको छ ।' विश्व प्रसिद्ध थोराङला पासको लागि जाने पर्यटक हिमाली जिल्ला मनाङमा कम्तीमा दुई दिनसम्म बस्ने गर्दछन् । सिजनमा दैनिक २०० को हाराहारीमा आउने पर्यटकबाट स्थानीय व्यवसायीले राम्रै आम्दानी गर्ने गरेका छन् । हिउँ पर्ने र चाक्ला जग्गा जमिन नभएकाले मनाङमा अन्य खेतीपाती हुँदैन । मनाङको मुख्य बाली भनेको फापर, आलु नै हो । त्यसैले त्यहाँका तीन प्रतिशत मानिस मात्रै कृषि पेसामा छन् । मुख्य पेसाका रुपमा मनाङका नागरिकले पर्यटन व्यवसायलाई नै रोजेका छन् । मनाङका ८० प्रतिशत नागरिक पर्यटन व्यवसायमा लागेको बताइन्छ ।

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ ।

*- लर्ड नेपियर*

## सम्पादकीय ...

# त्रिपक्षीय साँझेदारी आवश्यक

नेपाल निरन्तर राजनीतिक अस्थिरताबाट गुज्रिँदै आएको छ। देशभित्र राजनीतिक समस्या हुनु अस्वाभाविक होइन तर यसले मुलुकको परराष्ट्रनीतिमा समेत असर पुऱ्याउनु नेपालको बिडम्बना हो। राजनीतिक अस्थिरताका कारण चाँडो-चाँडो सरकार परिवर्तन हुनु र सरकार फेरिएसँगै परराष्ट्रनीतिमा पनि बदलाव आउनु नेपालको नकारात्मक विशेषताजस्तै बनेको छ। संसारका धेरै मुलुकमा यस्तो हुँदैन। देशभित्र ठूलो द्वन्द्व हुन्छ । तर उनीहको विदेश नीति समान प्रकारको हुन्छ। जोसुकै सरकारको नेतृत्वमा गए पनि विदेश नीति फेरिदैन। तर नेपालमा त्यस्तो देखिदैन। अझ सरकारमा रहँदासम्म विदेशीसँग झुक्ने र सरकारबाट निस्केपछि निकै चर्का नारा लगाउने मौसमी राष्ट्रवादको हावाले नेपालको परराष्ट्र नीतिलाई प्रभावित गरिरहेको छ। अहिलेको सरकारले लिएको छिमेकी मुलुकसँगको सम्बन्धको सवालमा पनि मिश्रित प्रकारका तर्क आइरहेका छन्। सरकार गठनसँगै विशेष दूत खटाएर दुबै मुलुकसँग समान र सन्तुलित परराष्ट्रनीति अंगीकार गर्न खोज्नुलाई कूटनीतिक क्षेत्रबाट प्रशंसा गरिएको थियो। तर प्रधानमन्त्रीको भारत भ्रमण भइसकेको तथा भारतीय राष्ट्रपतिको नेपाल भ्रमण सुनिश्चित भइसकेको अवस्थामा पनि सम्भावित चिनियाँ राष्ट्रपतिको भ्रमण अनिश्चित बन्नुलाई यो सरकारको कूटनीतिक कमजोरीको रुपमा औंल्याइएको थियो। हुन त चिनियाँ राष्ट्रपतिको भ्रमण मिति तय भएको पनि होइन र रद्द भएको पनि होइन । तर ब्रिक्स सम्मेलनमा भाग लिन भारत जाने बेलामा चिनियाँ राष्ट्रपतिले नेपाल भ्रमण गर्ने चर्चा चलेको थियो। जुनसुकै कारण भए पनि यो भ्रमण निश्चित हुन नसक्नु दु:खद घटना थियो। कूटनीतिक क्षेत्रमा केही सफलता र केही कमजोरीको बीचबाट अघि बढिरहेको सरकारले अहिले फेरि कूटनीतिक सन्तुलन कायम गर्न एउटा उच्च प्रकारको कदम उठाएको छ। खासगरी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डे ब्रिक्स तथा बिमस्टेक सम्मेलनको पूर्वसन्ध्यामा भारतमा कूटनीतिक पहलकदमी लिएर चीनका राष्ट्रपति र भारतीय प्रधानमन्त्रीलाई एउटै थलोमा भेट गरी त्रिपक्षीय सम्वाद गर्नुभएको छ। नेपालको कूटनीतिक इतिहासको यो घटनाले विशेष महत्व राख्ने छ। यो भेटका क्रममा नेपालले पहिलोपटक औपचारिकरुपमै त्रिदेशीय साझेदारीको प्रस्ताव राखेको छ। त्रिदेशीय रणनीतिक साझेदारीको आवश्यकतालाई उजागर गर्दै नेपालले डाइनामिक ब्रिज बनेर लाभ उठाउन चाहेको आशय व्यक्त गरेको छ। कूटनीतिक क्षेत्रमा एउटा शब्दको पनि ठूलो महत्व हुन्छ। अघिल्लो पटक भारत भ्रमणमा जाँदा संयुक्त विज्ञप्तिमा कतिपय विवादास्पद शब्द राखिएको थियो। यसपटक प्रधानमन्त्रीले बढी नै सुझबुझ अपनाएर त्यसलाई चिर्ने र छिमेकीहरुसँग सन्तुलित सम्बन्ध स्थापित गर्ने दुबै देशका राष्ट्र तथा सरकार प्रमुखसमक्ष राखेका छन्, यसलाई महत्वपूर्ण नै मान्नुपर्छ। बरु अबको आवश्यकता के हो ? भने नेपालद्वारा प्रस्तावित त्रिदेशीय रणनीतिक साझेदारीलाई कार्यक्रमको रुपमा अघि बढाउन पनि नेपालले नै पहल गर्नुपर्छ। उदीयमान अर्थतन्त्रसहितका दुई छिमेकीको बीचमा रहेको नेपालले त्यसबाट लाभ उठाउन नसक्ने स्थितिबाट अब हामी माथि उठ्नुपर्छ। नेपालको राजनीतिक स्थिरता पनि यसमै जोडिएको छ। अहिले देखिने वा नदेखिने गरी नेपाली राजनीतिभित्र बाहिरी चासो हाबी भइरहेको छ। यसलाई चिर्न पनि नेपालले सन्तुलित छिमेकी नीतिलाई बलियो गरी लागू गर्नुपर्छ। नेपालमा छिमेकी मुलुकले राजनीतिक हस्तक्षेप गर्ने होइन बरु नेपालको हितविपरीत नहुने गरी आर्थिक लगानी गर्ने वातावरण बनाउनुपर्छ। चीन र भारत दुबैले राजनीति भन्दा आर्थिक दृष्टिबाट मात्रै नेपालमा लगानी गर्ने नीति लिए भने त्यहाँको लगानीको थोरै अंश यहाँ आउँदा पनि नेपाललाई फाइदा नै हुन्छ। त्यसैगरी नेपालले आफ्नो देशलाई छाडा र खुला बजार मात्र बन्न दिनु भन्दा उत्पादनको केन्द्र बनाउनेतिर जोड दिनुपर्छ, जसले वर्षेनि बढिरहेको ब्यापार घाटा कम मात्र गर्ने छैन, आत्मनिर्भर अर्थतन्त्र निर्माणमा पनि टेवा पुग्नेछ। त्यसैले पनि अहिले नेपालले अघि सारेको त्रिदेशीय रणनीतिक साझेदारीलाई कार्य क्रमिकरुपमा अघि बढाउन आवश्यक देखिन्छ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल कार्तिक ४ गते बिहीबार, तदनुसार अक्टुवर २० सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३६, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिककृष्णापक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिककृष्णापक्षको पञ्चमी तिथि अहोरात्र रहनेछ । आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ। आज दिनमान २८ घटि २२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ०७ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २८ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : गरेको सबै कार्यमा बाधा हुने, मानसिक अशान्ति, यात्रामा कठिनाई हुने, चिन्तापर्ने समाचार प्राप्त हुनेछ ।

**वृष** : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

**मिथुन** : परिवारसँग विवाद पर्नेछ, व्यापारीक क्षेत्रमा मन्दी आउनाले नोक्सान बढ्न जानेछ, समय खराब छ ।

**कर्कट** : आरोग्यता, प्रशन्नता, आर्थिक पक्ष सवल रहने, मिष्ठान्न भोजन प्राप्ति, नवीन कार्यको थालनी गर्दा राम्रो हुनेछ ।

**सिंह** : एक्कासी नयाँ वस्तु फेला पर्ने, उत्कृष्ठ सरकारी सम्मान पाउन सकिने, शैक्षिक क्षेत्रबाट उत्कृष्ट नतिजा हाँसील ।

**कन्या** : एक्कासी आँखामा खराबी आउन सक्ने, धनमाल चोरी हुन सक्नेछ, आफूले गरेको कार्यमा बिरोधी बढ्नेछन् ।

**तुला** : आफन्तको टकरावले दिनभर तनाव, पेशाप्रति असन्तुष्टि, आम्दानीमा गिरावट, अनावश्यक झमेला थपिनेछ ।

**वृश्चिक** : स्वास्थ्य राम्रो रहनेछ, आदर सत्कार पाइने कार्यमा सरिक हुन पाइने, पारिवारिक सहयोग पाइने, प्रेम प्रसँग समधुर ।

**धनु** : टाढाबाट धन प्राप्ति हुन सक्नेछ, नयाँठाउँको भ्रमण गर्दा मनमा आनन्द, राजनीतिक सक्रियता बढ्नेछ ।

**मकर** : गरेका कार्य अधुरा हुनेछन, यात्रा तथा कार्यमा बाधा, आफ्नो बारेमा आफन्तलेनै कुरा काट्ने छन् ।

**कुम्भ** : यशकीर्ति बढ्ने शत्रुमाथि विजयी हुने, अधुरा कार्य आज पूरा, पुराना मित्रसंग भेटघाटको अवसर मिल्नेछ ।

**मीन** : स्वास्थ्यमा खरावी आउन सक्ने, समय विवादित रहनेछ, चोटपटकको भय, नकरात्मक सोचाइले आँफैलाई घाटा ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# प्रचण्ड, सी जिनपिङ र मोदी भेटको अर्थ



अमित ढकाल

शनिबार साँझ गोवामा खिचिएको एउटा तस्बिरले आइतबार बिहानै काठमाडौंमा तरंग ल्यायो। नल्याओस् पनि कसरी? त्यो फोटोको बीचमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल थिए भने उनको दुईतिर चीनका राष्ट्रपति सी जिनपिङ र भारतका प्रधानमन्त्री नरेन्द्र मोदी थिए। यो त्रिपक्षीय भेटको पूर्व-योजना वा जानकारी थिएन, त्यसैले त्यो तस्बिरर अप्रत्याशित थियो। तर यो अनपेक्षित तस्बिरर नेपालका लागि एउटा सुखद उपहार हो, जसले हाम्रो भविष्यको सम्भावित तस्बिररको छनक पनि दिएको छ।अन्तरराष्ट्रिय रंगमन्चमा चीन र भारतको जुन गतिमा पुनर्उदय भएको छ, जुन नाजुक सन्तुलनमा यी दुई मुलुकको प्रतिद्वन्दिता र मित्रता अडिएको छ, त्यो पृष्ठभूमिमा सी र मोदीको भेटमा अर्को देशको राष्ट्रप्रमुख वा सरकार प्रमुखको उपस्थिति असम्भव जस्तै छ।

यो तस्बिरमा भने तीनैजना सहज रुपमा बसेका देखिन्छन्। चिनियाँ राष्ट्रपति त झनै सहज देखिन्छन्। एउटा हात सोफाको हत्तामा र अर्को हात कुसन माथि राखेर सी प्रसन्न मुद्रामा कुरा गरिरहेका देखिन्छन। मोदी र प्रचण्ड उनैलाई सुनिरहेका छन्। कलेजी रङको स्टकोट, सेतो सर्ट र कालो पाइन्टमा राष्ट्रपति सी खुलेका छन्। तस्बिरमा प्रशस्त 'सिम्बलिज्म' पनि छ। प्रचण्ड मोदी र सीको बीचमा बसेका छन्, जसरी नेपाल भारत र चीनको बिचमा छ। नेपालका लागि त यो ऐतिहासिक तस्बिर नै हो। नेपालका कुनै पनि प्रधानमन्त्रीलाई चीन र भारतका शक्तिशाली राष्ट्रपति र प्रधानमन्त्रीसँग एउटै कोठामा, एकैसाथ भेट गर्ने र फोटो खिच्ने संयोग अहिलेसम्म प्राप्त भएको थिएन।

यो भेट कसरी सम्भव भयो, यकिन छैन। पहिले नै तय भएको भेट हैन यो। सोफा र सजावट हेर्दा कुनै होटलको लबी वा लबीको 'साइड रुम' मा भेटे जस्तो पनि देखिन्छ। प्रधानमन्त्रीको भ्रमणमा उनीसँगै रहेका पुत्र प्रकाश दाहालले प्रचण्ड र सी भेटिरहेका बेला भारतीय प्रधानमन्त्री मोदी अप्रत्यासित रुपमा आएको आफ्नो फेसबुकमा जनाएका छन्। त्यसपछि तीन नेता बीच लगभग २० मिनेट कुरा भएको पनि उनले उल्लेख गरेका छन्। काठमाडौंमा यो भेटलाई लिएर विभिन्न अड्कल सुरु भएका छन्। प्रचण्ड र सी कुरा गरिरहेका बेला मोदी 'चियो' गर्न गएको जस्ता हल्का टिप्पणीसम्म सामाजिक संजालमा देखिए। काठमाडौंस्थित एक कुटनीतिज्ञले भने मोदी 'अप्रत्यासित' रुपमा गएको हुनसक्ने सम्भावना इन्कार गरे। 'ब्रिक्स' जस्तो शिखर सम्मेलनमा कि त यस्तो भेट यति अनौपचारिक हुनुपर्‍यो, जहाँ जुनसुकै अतिथिले 'ग्रेटक्र्यास' गर्न सक्ने सबैका लागि अपेक्षित होस्, होइन भने र यस्तो मिटिङबारे कम्तिमा केहि बेरअघि तीनै देशका प्रमुख अतिथिलाई जानकारी हुन्छ।

'कम्तिमा पनि चिनियाँ राष्ट्रपति सी को जानकारीबिना मोदी त्यहाँ आउने कुरा त सम्भव नै हुन्न', ती कुटनीतिज्ञले भने, 'त्यस्तो घटनालाई चिनियाँ नेताले आफ्नो 'स्पेस'माथिको अतिक्रमण र आफ्नो अपमान ठान्छन्, जुन भारतले आफ्नो भूमिमा गर्न सम्भव छैन।' सो भेटलाई लिएर अर्को पनि अड्कल काटिएको छ(चीनसँगको मित्रताको मूल्यमा भारतसँग अति नजिकिएको आरोप लागेका प्रचण्डलाई सहयोग पुग्ने गरी मोदीले आफ्नै सक्रियतामा सी र उनीसँग एकैसाथ उनको भेटको अवसर जुराएका हुन्।

काठमाडौंमा यी अड्कलहरु केही समयसम्म चलि नै रहने छन्। सरकारी तहबाट औपचारिक रुपमै भेटबारे प्रष्ट पारियो भने पनि अड्कल थामिने छैनन्। चीनका राष्ट्रपति र भारतका प्रधानमन्त्रीसँग नेपालका प्रधानमन्त्रीको एकसाथ भेट जे कारणले जुरेको होस्, जहाँ र जसले जुराएको होस्, एउटा कुरा भने प्रष्ट छ-सद्भाव वा नेपालको रणनैतिक महत्वका कारण उत्तर र दक्षिणका यी भीमकाय छिमेकीका लागि नेपाल महत्वपूर्ण मुलुक हो। हिजो साँझ गोवामा खिचिएको तस्बिररले कम्तिमा यति भने बोल्छ।

यो संयुक्त तस्बिरलाई एउटा दुर्लभ परिघटनामा सिमित राख्ने वा भविष्यमा नेपाल, चीन र भारतका प्रमुख नेतृत्वबीचको भेटघाटलाई स्वाभाविक, अझ सकेसम्म नियमित बनाउने? यो धेरै हदसम्म हाम्रै हातमा निर्भर रहनेछ।

भारत र चीन आउने धेरै वर्ष प्रतिस्पर्धा र सहकार्यको समानान्तर बाटोमा हिँड्न बाध्य छन्। चीन र भारतबीच अहिले कायम ७२ अर्ब डलरको वार्षिक व्यापार तीव्र गतिमा विस्तार हुनेछ। चीन विश्वको पहिलो र भारत दोस्रो वा तेस्रो अर्थतन्त्रको रुपमा उदाउँदा सवा-सवा अर्ब जनसंख्या रहेको चीन र भारतको बजार एक-अर्काका लागि अपरिहार्य छ। कुनै पनि मुलुकको सामरिक शक्तिको पहिलो आधार सबल अर्थतन्त्र हो। त्यही कारणले पनि यी दुई मुलुकबीचको आपसी व्यापार आउने वर्षहरुमा झन्-झन् तीब्र बन्दै जानेछ।

तर, आर्थिक अन्तर-निर्भरताले यी दुई मुलुकबीचको प्रतिद्वन्दिता घटाउने छैन। अहिले जारी परिघटनाले पनि त्यसैको प्रशस्त संकेत गर्छन्। चीन-भारत सीमा विवाद, पाकिस्तानलाई चीनको 'नि:सर्त' साथ, यहाँसम्म कि, 'आतंकवादी' संस्था जैश-ए-मोहम्मदका प्रमुखमाथि प्रतिबन्ध लगाउने सुरक्षा परिषद्को प्रयत्नमाथि चीनको भिटो, भारत न्युक्लियर सप्लायर्स ग्रुपको सदस्य बन्न नदिन चीनको विरोध, दक्षिण एसियाली मुलुकहरुमा चीनको आक्रामक लगानी र चीनको 'वान बेल्ट वान रोड' नीतिमा सहभागी हुन भारतको असहमति जस्ता घटना यी दुई मुलुकबीच बढ्दो प्रतिद्वन्दिताका उदाहरण हुन्।

यस्तो तीब्र प्रतिस्पर्धा र बढ्दो अन्तर-निर्भरतामा बाँधिएका दुई शक्तिशाली मुलुकका शीर्ष नेताहरुसँग एउटै कोठामा बसेर नेपालका प्रधानमन्त्रीले भलाकुसारी गर्नु वा भेट मात्र गर्नुको के अर्थ हुन्छ? यो बढ्दो अन्तर-निर्भरता र प्रतिस्पर्धाकाबीच चीन र भारतका नेता र नीति निर्माताकालागि नेपालले किन र कति महत्व राख्छ?

यी प्रश्नहरुको सरल उत्तर छैन। न त यी प्रश्नको एउटै सर्वकालिक उत्तर उपलब्ध छ। तर, एउटा कुरा भने सरल रुपमै भन्न सकिन्छ-नेपाल अनावश्यक रुपमा अर्कोसँग नटाँसियोस् र त्यसले आफ्नो रणनैतिक स्वार्थमा धक्का नपुऱ्याओस् भन्नेमा यी दुवै मुलक सजग र सचेत छन्। चीनले नेपालमा भारतलाई 'ब्ल्यांक चेक' दिँदैन। भारतको त झन् कुरै भएन।

यो पृष्ठभूमिमा हाम्रा सामु एउटा तत्कालिक प्रश्न खडा छ, के हामी दुई छिमेकीमध्ये कतैतिर नलहसिने र दुवैसँग विश्वासको कसिलो सम्बन्ध राख्नेतर्फ अग्रसर छौं? के अहिलेको हाम्रो राजनीति त्यतातिर अघि बढेको छ? यसको छोटो र सरल उत्तर हुन्छ, छैन।

ओली सरकार भारतलाई अनावश्यक रुपमा 'चिढ्याउन' अग्रसर थियो, दाहाल सरकार भारतलाई अनावश्यक रुपमा 'रिझाउन' अग्रसर देखिन्छ। यी दुवै सरकारले भारत र चीनसँग गरेका व्यवहार नेपालको दीर्घकालिन हितले कम र पार्टी तथा नेता विशेषको तत्कालको आवेग र स्वार्थ धेरै निर्देशित थिए, छन्।

यति हुँदाहुँदै पनि ओली सरकारले एउटा महत्वपूर्ण कामको सुरुवात भने गरेको थियो, भारतीय नाकाबन्दीले सिर्जना गरेको अवसरको सदुपयोग गर्दै उसले चीनसँग दीर्घकालिन महत्व राख्ने सम्झौताहरु अघि बढायो। पारवहन सन्धि तथा नेपाल-तिब्बत जोड्ने रेलवे तथा ट्रान्समिसन लाइन र किमाथांका-हिले सडक निर्माणका लागि प्रारम्भिक सहमति ओली सरकारका महत्वपूर्ण कदम थिए।

यी सन्धि तथा प्रारम्भिक सहमति अहिले धेरै अघि बढेका छैनन्। पारवहन सन्धि कार्यान्वयनका लागि प्रोटोकल तयारीको चरणमा छ, अरु सहमति अघि बढाउनका लागि नेपाल सरकारले अहिलेसम्म औपचारिक प्रस्ताव चीनसमक्ष पठाएको छैन। चीन भ्रमणपछिको लगभग छ महिना ओली सरकार कायम थियो। सो सरकारले पनि समझदारी कार्यान्वयनका लागि औपचारिक प्रस्ताव पठाएको थिएन।

यी प्रस्तावहरु कर्मचारीतन्त्रको ढिलासुस्तीका कारण अहिलेसम्म तयार भएनन् वा त्यसमा राजनीतिक कारण पनि छ, प्रष्ट छैन। तर, प्रस्ताव भने अघि बढेका छैनन्, यथार्थ त्यही हो। दाहाललाई प्रधानमन्त्री निर्वाचित गरियोस् भन्ने प्रस्ताव संसदमा राख्ने क्रममा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले ओली सरकारले चीनसँग गरेका सबै सन्धि तथा सहमतिलाई अघि बढाउने बताएका थिए। प्रधानमन्त्री निर्वाचित भएपछि प्रचण्डले पनि त्यही वाचा दोहोऱ्याए।

भारतीय नाकाबन्दीपछि भारत र चीन दुवै मुलुकसँग सन्तुलित र सम्मानजनक परराष्ट्र सम्बन्ध राख्नुपर्ने विषय नेपालमा जबरदस्त राजनीतिक मुद्दा बनिसकेको छ। हरेक सचेत नागरिकको मनमा यो बिषय गहिरोसँग बसेको छ। आउने संघीय र प्रादेशिक संसदको चुनावमा मात्र हैन, स्थानीय निर्वाचनमा पनि राष्ट्रियताको मुद्दा चुनाव प्रचारको केन्द्रमा हुनेछ।

राजनीतिका चतुर खेलाडी शेरबहादुर देउवा र आफ्नो साख र पार्टी जोगाउन संघर्षरत प्रचण्डलाई यति सामान्य तथ्य थाहा नहुने कुरा भएन। यति हुँदाहुँदै पनि यो सत्ता गठबन्धनले चीनसँगका सन्धि र सम्झौता अघि बढाउन सकेन भने निश्चित हुनेछ, यो गठबन्धन 'ठूलो' बाध्यतामा फसेको छ।

यसको उल्टो, चीनसँग ओली सरकारले गरेका सन्धि, सहमतिलाई यो सरकारले अघि बढायो भने दुवै छिमेकी मुलुकसँग सन्तुलित सम्बन्ध अघि बढाएको जश यो सत्ता गठबन्धनले पाउने छ। राष्ट्रियताको मुद्दामा एमालेलाई रक्षात्मक अवस्थामा पुर्‍याउँदा आउने चुनाव मुलतस् नेपाली कांग्रेसले त्यसको लाभ उठाउनेछ।

त्योभन्दा ठूलो कुरा, मुलुकको दीर्घकालिन हित संरक्षित हुनेछ। भारतका कारण नेपालले चीनसँग आर्थिक सम्बन्ध बढाउन र दुवै देशले गरिरहेको आर्थिक विकासको लाभ लिन सम्भव छैन भन्ने मान्यता राख्ने धेरै छन्। यो लगुताभाष पनि भारतसँगको सम्बन्ध दुवै मुलुकको हितमा पुनर्परिभाषित गर्न अवरोध बनेको छ। भारतको खुफिया एजेन्सीका काठमाडौंस्थित पुर्जाहरुको स्वार्थ त त्यसै पनि बाधक छँदैछ।

अहिलेसम्मको भारतीय व्यवहार हेर्ने हो भने यो तर्क सही लाग्छ पनि। तर हामी दक्षिण एसियाका अरु छिमेकी मुलुकमा के भइरहेको छ भन्ने हेर्न र बुझ्न चुकिरहेका छौं। भारतले नेपाल जस्तै आफ्नो प्रभाव क्षेत्र मान्ने गरेका श्रीलंका, बंगलादेश र माल्दिभ्सले आज भारतसँगको सम्बन्ध कसरी आपसी सम्मानका आधारमा पुनर्परिभाषित गरिरहका छन् भन्ने बुझ्नु जरुरी छ। यी तीनै मुलुकको चीनसँगको आर्थिक सम्बन्ध कसिलो बन्दै गएकोछ। राष्ट्रपति सी जिनपिङको यसै साताको भ्रमणका क्रममा चीन र बंगलादेशबीच २४ अर्ब डलर लगानीको सम्झौता सम्पन्न भएको छ। यो चिनियाँ लगानी बिद्युत परियोजना, रेल मार्ग निर्माण, ट्रान्समिसन लाइन निर्माणमा खर्च हुनेछ। श्रीलंकामा चीनले आफ्नो लगानीमा मोडल शहर नै बसाल्दै छ, योभन्दा पहिले नै हनाम्बोटा बन्दरगाहामा चीनले अर्बौं लगानी गरिसकेको छ। माल्दिभ्समा एयरपोर्टको स्तरोन्नति गर्ने, एयरपोर्टबाट राजधानी मालेसम्मको सडक निर्माण गर्नेलगायत आवास परियोजनामा चीनको ठूलो लगानी छ। चीनसँगको आर्थिक सम्बन्ध कसिलो बन्दै गएपछि भारतसँग दक्षिण एसियाका यी तीनै मुलुकको सम्बन्ध सम्मानजनक बन्दै गएको छ। चीनको लगानीका कारण यी मुलकसँग भारत केही समय चिढिएको पक्कै हो। तर सधै चिढिएर बस्न सम्भव छैन। त्यस्तो व्यवहारले आफ्ना छिमेकी मुलुक झनै चीनको पोल्टामा जान्छन् भन्ने भारतले बुझ्न थालेको छ। यी मुलुकसँग आपसी सम्मानका आधारमा सम्बन्ध राख्न भारत आँफै अग्रसर हुन थालेको छ।

चिनियाँ राष्ट्रपति सीको यसपालीको ढाका भ्रमणपछि भारतीय मिडियामा बडो जोड दिएर लेखिएको एउटा कुरा हो, 'चीन-बंगलादेश निकटताले भारत-बंगलादेश सम्बन्धमा कुनै असर पर्दैन!' त्यसैले कुरा प्रष्ट छ, धेरै दक्षिण एसियाली मुलुकहरुले चीनसँगको सम्बन्धलाई कसिलो बनाएर भारतसँगको सम्बन्धलाई 'परम्परागत दादागिरी'बाट सम्मानजनक बनाउँदै लगेका छन्।

इतिहासको कुनै कालखण्डमा नेपालले भोगेको भारतीय दवावबाट सधैं तर्सिनु जरुरी छैन। सम्बन्ध भनेको सधैं द्विपक्षीय हुन्छ,एउटा मुलुकले प्रयत्न गरेपछि त्यो नबदलिएर सुखै छैन। यसको ज्वलन्त उदाहरण भुटान हो। भुटानको संविधानमै उसको परराष्ट्र सम्बन्ध भारतले निर्धारित गर्ने उल्लेख थियो। सन् २००७ मा भुटानले त्यो धारालाई नै खारेज गरिदियो। भारतसँगको सम्बन्धलाई सन्तुलित बनाउन भुटानले समेत चीनसँग दौत्य सम्बन्ध स्थापित गर्ने बाटो खोज्न थालेको छ। सार्कको अर्को सानो देश माल्दिभ्सको भारतसँग विकसित पछिल्लो सम्बन्ध झनै रोचक छ। माल्दिभ्सको इतिहासमा पहिलोपटक लोकतान्त्रिक निर्वाचन मार्फत् चुनिएका राष्ट्रपति मोहम्मद नसिदलाई वर्तमान सरकारले अन्यायपूर्वक १५ वर्ष लामो कारावासमा पठाएको छ। सन् २०१२ मा सुरक्षाकर्मीको विद्रोहद्वारा नसिदलाई राजीनामा दिन बाध्य पारिएपछि लोकतन्त्रको पक्षमा उभिँदै भारतले माल्दिभ्समाथि आर्थिक नाकाबन्दी गरेको थियो। उक्त नाकाबन्दी भारतले अहिले हटाएको छ।

नेपालमा भारतको नाकाबन्दी जारी रहेकै बेला अघिल्लो वर्ष अक्टोबर १० मा भारतीय विदेशमन्त्री सुष्मा स्वराज माल्दिभ्स पुगेकी थिइन्। माल्दिभ्सका राष्ट्रपति अब्दुल्लाह यमिन र सुष्मा स्वराजको भेटपछि यमिनको कार्यालयले दुई नेताबीच भएको संवादबारे विज्ञप्ति निकाल्यो। विज्ञप्तिमा भनिएको थियो, 'माल्दिभ्सले आफ्नो मुलुकको आन्तरिक विषयमा विदेशी पक्षको हस्तक्षेप स्वीकार्ने छैन। आफ्नो मुलुकको सार्वभौमिकता र अखण्डताको सबैले सम्मान गर्नुपर्छ।' आँट गऱ्यो भने आन्तरिक लोकतन्त्र चौपट पारेको सानो मुलुकले पनि भारतलाई भन्न सक्दो रहेछ। माल्दिभ्सले भन्यो मात्र हैन, लाज जोगाउन भारतीय विदेश मन्त्रालयले यमिनको भनाइ भारतप्रति लक्षित नभई बृहत्तर अन्तर्राष्ट्रिय समुदायप्रति लक्षित रहेको जिकिर गऱ्यो। बहुसंख्यक भारतीय मिडियाले माल्दिभ्सको सो वक्तव्यलाई ठाउँ नै दिएनन्, केहीले भारतीय विदेश मन्त्रालयको स्पष्टिकरण मात्र छापे।

अरु दक्षिण एसियाका मुलुकलाई त आफ्नो अधिनमा राख्न सम्भव भएन भने चीनसँग यति लामो सीमा जोडिएको र यति गहिरो सम्बन्ध भएको नेपाललाई सधै आफ्नो दवाबमा राख्न सम्भव छैन भन्ने भारतीय नेताहरुको अन्तरमनमा कहिं न कहिं लागेको हुनुपर्छ। नेपालका प्रधामन्त्री र चिनियाँ राष्ट्रपति सीलाई एउटै कोठामा भेट्दा मोदिको मनमा यो कुराले कति वास गरेको थियो वा नेपाललाई आफ्नो पकडबाट बाहिर जान दिनुहुन्न भन्ने सोच नै हाबी थियो, यकिन छैन। तर, आन्तरिक एकताका साथ हामीले भारत र चीनसँग सम्मानजनक सम्बन्ध राख्ने प्रयत्न गर्यौं भने भारतसँग त्यसको विकल्प रहन्न। आखिर हामीले चाहेको भारतसँग नराम्रो सम्बन्ध हैन, भारत र चीन दुवैसँग उन्नत सम्बन्ध हो।

नेपालको चीन र भारतसँग आपसी विश्वास र सम्मानको सम्बन्ध जब स्थापित हुन्छ, त्यसपछि मात्रै त्रिदेशीय आर्थिक सन्जाल र सहकार्यको कुरा अघि बढ्छ। एउटै कोठामा सी र मोदीसँग प्रचण्डले भेटेपछि उनका सल्लाहकारले प्रचण्डले त्रिदेशीय सहकार्यको 'प्रस्ताव' राखेको र दुवै नेताले त्यसमा सहमति जनाएको बताएका छन्। यो हिन्दी उखानमा 'छोटी मुह, बढी बात' भने जस्तै हो। तीन देशबीचको सहकार्य चीन र भारतबीचको सम्बन्ध र चाहनामा भर पर्छ। जहाँसम्म यसको उपयोगिताको प्रश्न छ, चीन यसमा प्रष्टै देखिन्छ, त्रिदेशीय आर्थिक सहकार्यको कुरा राष्ट्रपति सीले सार्वजनिक रुपमै उठाइसकेका छन्। 'वान बेल्ट वान रोड'मा जस्तै भारत यसमा पनि अहिलेसम्म अनिच्छुक रहेको प्रष्टै छ। नेपालले जसै चीन र भारत दुवैसँग सम्मानजनक र सन्तुलित सम्बन्ध विकास गर्न थाल्छ, त्यसले त्रिदेशीय साझेदारीको एउटा महत्वपूर्ण सर्त पुरा गर्छ। बाँकी चीन र भारतबीचको सम्बन्धमा निर्भर गर्छ।

तर, भारत र चीनबीच आर्थिक अन्तर-निर्भरता जसरी गहिरिँदैछ, त्यसले त्रिदेशीय साझेदारीलाई सम्भव बनाउने सम्भावना प्रचुर छ। त्यस्तो भयो भने नेपाल, चीन र भारतका राष्ट्ररसरकार प्रमुखको संयुक्त फोटो काठमाडौंमै फेरि खिचिनेछ। गोवामा खिचिएको तस्बिरले त्यो सम्भावनाको आकृति कोरेको छ। काठमाडौंमा खिचिने त्यस्तो तस्बिर त्यो सम्भावनाको साकार रुप हुनेछ।

स्रोत : सेतोपाटी

## पोखरेली....

गाएका थिए। गजल गायनका क्रममा उनको उमेरावस्था प्रष्टै झल्किन्थ्यो । गायनका क्रममा उनका कैयौंपटक स्वर लर्वराएका थिए । कार्यक्रमका डा. राणालाई दोसल्ला र सम्मानपत्र सहित सम्मान गरिएको थियो ।

कार्यक्रमकी प्रमुख अतिथि एवं लोकगायिका प्राज्ञ हरिदेवी कोइरालाले पोखरामा फेवाको *छालजस्तै पटक-पटक डा. राणाका जस्ता गजल सुन्न पाइयोस् भन्ने शुभेच्छा व्यक्त गर्दै राणाको सम्मानस्वरुप आफ्नो गजल वाचन गरेकी थिइन्। स्रष्टा परिचय राख्दै अनेसास गण्डकीका सचिव असफल गौतमले ८६ वर्षको उमेरमा गजल गायन गर्नु र दर्जन बढी हिन्दी र नेपाली गजलका किताब प्रकाशन गर्नु नै डा. राणाको पूर्ण परिचय रहेको बताए।*

*संस्थाका अध्यक्ष दुर्गाबहादुर शाह बाबाले डा. राणाबाट हामी सबैले प्रेरणा लिनुपर्ने बताए। कृष्ण रानाभाट सारथीले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन पितमसेन ठकुरीले गरेका थिए।*

*वि.सं. १९८८ भाद्रमा बाँकेको नेपालगञ्जमा जन्मेका राणाले एमबीबीएस, डीपीएचसहित विद्यावारिधि गरेका छन्। राणाका देशको लागि मन दुखाऊ कविता संग्रह-२०२८, मेरो गीत तिम्रो लागि कविता संग्रह-२०३०, बिखर काँटे बिखरे फूल हिन्दी कविता संग्रह-२०६२, मनका उद्गार कविता संग्रह-२०६२, अन्तर्भाव कविता संग्रह-२०६७, मनकै सेरोफेरोमा, आस्थाको खोजीमा गजल संग्रह-२०६७, भाव थरीथरी, मायाको सँगालो, छल्किएका भाव मनका गजल संग्रह-२०६८, उकाली ओराली गजल संग्रह-२०६९, जिन्दगी की परछाइयाँ, जीवन की गलियाँ में हिन्दी गजल संग्रह-२०६९, प्यारका तोहफा, जिन्दगी प्यार और खुशियाँ हिन्दी, मन्जिल की खोज गजल संग्रह-२०७०, धूपछाँह हिन्दी गजल संग्रह २०७१ कृति प्रकाशित छन्। भानुभक्त पुरस्कार, मध्य पश्चिमाञ्चल गजल सम्मान, नेपाल हिन्दी सम्मान, मध्यपश्चिम स्रष्टा सम्मान, अवधि सांस्कृतिक सम्मान र राष्ट्रिय गजल सम्मानबाट सम्मानित भइसकेका छन् ।*

## कार्की फर्किए

**पोखरा ३ कार्तिक ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख लोकमान सिंह कार्की बुधबार साँझ स्वदेश फर्किएका छन् । सर्वोच्च अदालतले योग्यतासम्वन्धी मुद्दा पुनरावलोकन गर्ने फैसला गरेपछि उनी क्यानडा गएका थिए । अदालतलाई म्याद तामेली छल्न उनी विदा थप्दै बसेका थिए । पछिल्लो पटक उनी दुबई पुगेका थिए । उनी विदेशमै रहेका बेला अदालतले म्याद तामेली गरेको छ ।

# नेपालमा जापानी पर्यटक भित्र्याउन पहल गर्छु–ओगावा

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ कार्तिक ।

नेपालको लागि जापानका राजदूत मासाशी ओगावाले जापानी सहयोग निरन्तर रहने प्रतिवद्धता जनाएका छन् । पोखरा उद्योग वाणिज्य संघले उनको सम्मानमा बुधबार आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै राजदूत ओगावाले नेपालमा बढीभन्दा बढी जापानी पर्यटक भित्र्याउनका लागि पहल घोषणा समेत गरे । केही वर्षअघि भन्दा अहिले नेपाल आउने जापानी पर्यटक घटेका हुन् भन्ने प्रश्न गर्दै उनले ठट्यौलो पारामा भने–'पहिला ओहाइगोजाइमास (जापानी भाषाको नमस्ते) भन्नेहरु बढी हुन्थे भने अहिले निहाओ (चिनियाँ भाषाको नमस्ते) भन्नेहरु बढेको देखियो ।'

नेपाल–जापान दौत्य सम्बन्ध स्थापित भएको ६० औं वर्षमा प्रवेश गरेको स्मरण गर्दै उनले नेपालको हवाई सुरक्षा तथा राजधानीको नागढुंगा क्षेत्रमा सुरुङ मार्ग बनाउन जापानले सहयोग गर्न लागेको जानकारी दिए । पोखराका विभिन्न विकास निर्माणमा परियोजनामा जापानले सहयोग गरेको उल्लेख



गर्दै उनले पोखराको खानेपानी बितरण र शुद्धिकरणका लागि जापान सरकारको तर्फबाट दिइने सहयोगले यहाँका जनताले शुद्ध खानेपानी पाउने बताए । ३ वर्षअघि नेपालमा राजदूतको रुपमा आका ओगावाले पोखराको सौन्दर्यको खुलेर प्रशंसा गरे । पोखरा उपमहामनगर पालिका र जापानको कोमागाने नगरबीचको भगिनी सम्बन्धको चर्चा गर्दै उनले यो सम्बन्ध जनस्तरमा पुऱ्याउने पहल गरिने बताए ।

नेपालका करिब १० हजार विद्यार्थी जापानमा अध्ययनरत रहनु भनेको दुई देश बीचको साँस्कृतिक आदान–प्रदानको लागि महत्वपूर्ण रहेको उनको भनाई थियो । कार्यक्रममा जापानी राजदूतलाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखेले नेपालको विकासमा जापान सरकारबाट प्राप्त सहयोगको मुक्तकण्ठले प्रशंसा गरे । गतवर्ष गएको भूकम्पले नेपालको पर्यटन र व्यवसायमा ठूलो क्षति पुऱ्याएको स्मरण गर्दै उनले बढीभन्दा बढी जापानी पर्यटक नेपाल भित्र्याउने वातावरण बनाउन राजदूतसँग आग्रह पनि गरे ।

पोखरा उद्योग वाणिज्य संघले पोखराको समग्र विकासमा खेलेको भूमिकाबारे जानकारी दिँदै संघ जापान सरकारसँग सहकार्य गर्न तयार रहेको समेत अध्यक्ष पालिखेले स्पष्ट पारे । संघका मानार्थ सदस्य, पूर्व अध्यक्ष तथा सल्लाहकार अशोक पालिखेले जापान सरकारको सहयोगमा निर्माण हुन लागेको पोखराको खानेपानी शुद्धिकरण तथा बिस्तार परियोजनाको अन्तर्गत मर्दीमा रहेको पानीको मुहान ४ किलोमिटर माथि सार्न सके मुहानमा हुने मानवीय अतिक्रमण कम गर्न सकिने बताए ।

सन् २००२ ताका जापान सरकारको सहयोगमा फेवाताल संरक्षणको लागि परियोजना संचालन भएको स्मरण गर्दै उनले फेवाताल संरक्षणमा जापानी सहयोगको अपेक्षा गरे । नेपाल र जापानको सम्बन्ध जनस्तरसम्म फैलिएको र केही जापानी नागरिकहरुले नेपालको पर्यटन उद्योगमा लगानी समते गरेको प्रसंग झिक्दै उनले यो सम्बन्ध अझ मजबुत बनाउनु पर्नेमा जोड दिए।

## बास्केटवल आजदेखि

पोखरा ३ कार्तिक ।

कास्की जिल्ला बास्केटबल संघले आयोजना गरेको ४० वर्ष भन्दा माथिको पोखरा भेट्रान खुल्ला पुरुष बास्केटवल प्रतियोगिताको तयारी पुरा भएको छ । नेपालमा नै पहिलो पटक आयोजना भएको प्रतियोगिताको उद्घाटन खेल आज बिहीवार पोखरा रंगशालामा गरिने प्रतियोगिताका संयोजक नारायण शर्माले जानकारी दिए । प्रतियोगिताको उद्घाटन नेपाल ओलोम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले गर्ने संयोजक शर्माले वताए । आयोजक कास्की जिल्ला बास्केटबल संघ सहित काठमाडौ, ललितपुर, तनहुँ, पर्वत जिल्ला बास्केटबल संघ हरुको एक–एक टिम र पश्चिमाञ्चल भुपु शैनिक खेलकुद संघ र पुन समाज कास्कीको प्रतियोगितामा सहभागिता रहनेछ । लिग कम नक आउटका आधारमा खेलाइने उक्त प्रतियोगिताको विजेता टिमले नगद ४० हजार ४ सय ४४ र उपविजेताले नगद २५ हजार ५ सय २५ प्राप्त गर्ने छन । प्रतियोगितामा अनुशासित टिम, हाइस्कोरर र वेष्ट प्लेयरलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ । कार्तिक ६ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा आठ लाख खर्च लाग्ने भएको छ। प्रयियोगितालाई पाथीभरा ओभरसिज प्रालीले मुख्य प्रायोजन गरेको छ । उद्घाटन खेल कास्की जिल्ला बास्केटवल संघ र स्याङ्जा जिल्ला बास्केटबल संघका बीच हुनेछ । बास्केटवल कोर्टमा दर्शकहरुको सुविधाका लागि प्याराफिट समेत बनाइएको छ । कार्तिक ६ गते हुने समापनमा राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्ष लामा टेन्डी शेर्पा उपस्थित हुने कार्यक्रम रहेको छ ।

## बाटो निर्माण

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ कार्तिक ।

लामो समयदेखि जीर्ण र अप्ठ्यारो बन्दै आइरहेको लामाचौरको शव लैजाने बाटो मर्मत गरिएको छ । पोखरा–१९ घार्मीको देउराली देखि लामाचौर हुँदै बावियातरा घाट सम्मको सडक स्थानीय गुराँसपानी टोल सुधार समिति, माझथर टोल सुधार समिति र स्थानीयको सक्रियतामा मर्मत गर्नुका साथै सडकलाई विस्तार समेत गरिएको समितिका सदस्य प्रेम जिसीले जानकारी दिए। समितिका अध्यक्ष जितबहादुर सुनार, समाजसेवी भोलानाथ पौडेलको नेतृत्वमा रहेको टोलीले सडक वरपरको पहिरो समेत पन्छाएको स्थानीय डिल्लीराम पौडेलले बताए । परापूर्वकाल देखि नै पोखरा–१९ घार्मीका स्थानीयबासिन्दाले सोही बाटो भएर शव लैजाने र बावियातरा घाटमा अन्तिम संस्कार गर्ने प्रचलन रहेको छ । उक्त सडकलाई व्यवस्थित बनाउन पहल गरेपनि आर्थिक अभावमा पुरा हुन नसकेको पहलकर्ताहरुले गुनासो गरेका छन् ।

## मन्त्रीको आदेश नमान्दा कार्वाही

काठमाडौं ३ कार्तिक ।

उपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिको गैरकानुनी आदेश अस्वीकार गर्दा तीन प्रहरी उपरीक्षक (एस्पी) कारबाहीमा परेका छन्। गैरकानुनी काम गर्ने अभियुक्तलाई छाड्न नमानेका कारण निधिको ठाडो आदेशमा तीन जिल्लाका नेतृत्व गरिरहेका एसपीलाई कारबाहीस्वरूप सरुवा गरिएको हो ।

आफूअनुकूल काम प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याल नभएको मौकामा सोमबार प्रहरी प्रधान कार्यालयमा हाजिर गराइएको छ । प्रहरी महानिरीक्षक अर्याल अमेरिकामा रहेको बेला मन्त्रीको आदेश अस्वीकार गर्न नसकी कार्यवाहक प्रहरी महानिरीक्षक प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) विज्ञानराज शर्माले नै उनीहरूलाई सरुवा गरेका हुन् ।

प्रहरी प्रधान कार्यालयको नियामित सरुवा बाँकी हुँदै मन्त्री निधिले गम्भीर अपराधमा संलग्न रहेका आफ्ना कार्यकर्ता छोड्न अटेर गरेको र अवैध हुन्डी कारोबारीलाई पनि छाड्न नमानेका कारण तीन एसपीलाई कारबाहीस्वरूप प्रधान कार्यालय तानेका हुन् ।

## बगर भाइखलक विजयी

पोखरा ३ कार्तिक ।

बगर भाइखलकको भेट्रान टोली हेटौडामा जारी दोश्रो भेट्रान फुटवलको क्वाटर फाइनलमा प्रवेश गरेको छ । रोटरी क्लव अफ मकवानपुरको आयोजनामा हेटौडामा सम्पन्न बुधबारको खेलमा बिरगन्ज युनाइटेडलाइ १–० गोल अन्तरले पराजित गर्दै बगर भाइखलक क्वाटर फाइनलमा प्रवेश गरेको हो । बुधवारको खेलमा बगर भाइखलकका राजु गुरुङको गोलले भाइखलकलाई अघिल्लो चरणमा प्रवेश गर्न सफलता मिलेको थियो । खेलमा बगर भाइखलककै धन गुरुङ म्यान अफ दी म्याच समेत घोषित भएका थिए । अन्तर्राष्ट्रिय टीमको समेत गरी १४ टीमको सहभागी प्रतियोगितामा क्वाटर फाइनलमा बिहीबार बगर भाइखलकले बंगलादेश संघ सामना गर्ने बगर भाइखलकका टीम ब्यवस्थापन मिलन गुरुङले बताए ।


**Study in Japan**
Czech Republic
USA, Australia, Norway

- ❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN**.
- ❖SLC passed can apply. **April Intake**
- ❖Almost all intake **czech Republic**.
- ❖Free Education in **Norway** & **Finland**.
- ❖Help to make all kind of documentation for any Countries.

**Now Running** **IELTS, JLPT Classess**

**ROMAN EMPIRE**
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp.Rupakot Complex)
Tel.:061-531538, 9846449344, 9803652132

**कर्मचारी चाहियो**

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो।

पद : वेटर संख्या : केही
पद : डिसवासर संख्या : १ जना

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१–५२६३०९

**मोवाइल किन्दा छुट !**

शुभ–दीपावली–२०७३ को मंगलमय शुभकामना
**हंसपुर मोवाइल क्लिनिकमा एण्ड इलोक्ट्रोनिक सर्भिस सेन्टर चिप्लेढुंगा, पोखरामा**
मोवाइल खरिदमा ५ देखि १०% सम्म र इलोक्ट्रोनिक सामान खरिदमा ५ देखि ३५% सम्म छुट !!!
सम्पर्क फोन : ०६१-५३५६७९

**पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बान्ध विशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरामा**

धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवम् पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि डा. राजिव घिमिरे पोखरामा यही मिति कार्तिक ५ गते शुक्रबार आउन लाग्नुभएकोमा स्वास्थ्य परिक्षण गरि सेवाको लाभ लिनुहोस्

**हाम्रो सेवाहरु:**

पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने विलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पिप निस्कने, पोल्ने कब्जियत हुँदा दुखाई बढि हुने ।
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने दुख्ने एवम् दिशामा रगत देखिने ।
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, वाकवाकी हुने, पेट दुख्ने ।
अन्यरोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, बाथ, सुगर, पिनास, हाइड्रोएिल आदि ।
नोट : पाइल्स फिस्टुला, फिसर रोगको क्षारसुत्र विधीद्वारा विना अपरेसन गरिन्छ ।

**बिरामी जाँच्ने समय : बिहान ९ बजेदेखि ५ बजेसम्म**

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि

नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।





सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१–५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail .com, Website: www .goldennews .com .np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा